माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महिन्द्र राय यादवज्यूको नेतृत्वमा १०० दिनमा सम्पादन भएका मुख्य मुख्य कार्यहरु

कृषि तथा पशुपन्छी विकास मन्त्रीको रुपमा माननीय महिन्द्र राय यादवज्यूले मिति २०७८ असोज २२ गते पदभार सम्हाल्नु भए पश्चात सय दिन र ततपश्चात्त सम्पादन गरिएका नियमित तथा उल्लेखनीय कार्यहरु निम्नानुसार रहेका छन्।

१. नीतिगत तथा कानूनी व्यवस्था

- राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको,
- राष्ट्रिय पशु प्रजनन नीति, 2078 स्वीकृत भई कार्यान्वयनमा ल्याइएको,
- बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको,
- राष्ट्रिय मत्स्य विकास नीतिको मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश हुने प्रकृयामा रहेको,
- राष्ट्रिय कृषि नीतिको मस्यौदा तयार गरी प्रदेश र स्थानीय तहसँग राय सुझावका लागि अनुरोध गरिएको,
- पशु कल्याण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त गरिएको,
- पशु संक्रामक रोग नियन्त्रण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त गरिएको,
- कृषि व्यवसाय प्रवर्द्धन विधेयकको मस्यौदा तयार गरी प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा राय सुझावका लागि अनुरोध गरिएको,
- स्वदेशी कच्चा पदार्थममा आधारित कृषिजन्य उद्योगहरुलाइ सहुलियत कर्जा प्रवाह सम्वन्धि कार्यविधि मस्यौदा गरी सहमतीका लागि अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको ।
- नीजि क्षेत्रका ३ वटा वीउ उत्पादक कम्पनीहरुलाइ जातीय अनुसन्धान तथा परीक्षणका लागि अनुमती प्रदान गरी राजपत्रमा सूचना प्रकाशन गरिएको ।

२. विभिन्न बाली/वस्तुको मूल्य निर्धारण

- **धान:**
  - ✓ चालु आ.व. २०७४/७9 को लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु. २७५२ र मध्यम धानको मूल्य रु २९०२ निर्धारण गरिएको।
  - ✓ कृषकहरुबाट धान खरिद गरिने कार्यलाई सुनिश्चित गर्न कृषक समुह/सहकारीलाई सूचीकृत गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई निर्देशन दिइएको।
- **उखु**
  - ✓ उखु कृषकको बृहत्तर हितका लागि गत बर्षको तुलनामा उखुको न्यूनतम समर्थन मूल्यमा ८.४५ प्रतिशतले बृद्धि गरी रु. ५९०।- प्रति क्विन्टल निर्धारण गरिएको।
  - ✓ निर्धारित मूल्यको आधारमा ८ जिल्लाका उखु कृषकलाई उखु प्रवर्द्धन खर्च बापत रु. ७७ करोड ५६ लाख सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालय मार्फत भुक्तानी गरिएको (९९ प्रतिशत भुक्तानी भइसकेको)।
  - ✓ चालु आ.व. को क्रसिङ्गको विवरण प्राप्त भइनसकेको सन्दर्भमा गत आर्थिक वर्षको विवरणको आधारमा रकम निकासाको प्रक्रिया शुरु गरिएको ।
- **कफी**
  - ✓ कफीलाई गुणस्तरका आधारमा बर्गीकरण तथा कृषकको मुनाफा सुनिश्चित हुने गरी बर्गीकरणको आधारमा प्रति केजी रु. ८० देखि ४५० सम्म मूल्य निर्धारण गरिएको।
- **कच्चा दूध**
  - ➢ कच्चा दूधको प्रति एकाइ फ्याट रु. ६।८१ र प्रति एस.एन.एफ एकाइ रु. ३।६० को दरले ४ एकाइ फ्याट र ८ एकाइ एस.एन.एफ भएको कच्चा दूधको प्रति लिटर किसानले प्राप्त गर्ने न्यूनतम मूल्य रु.५६।०४ निर्धारण गरिएको ।
  - ➢ किसानले न्यूनतम मूल्य प्राप्तिको सुनिश्चितताका लागि अनुगमन गर्न राष्ट्रिय दुग्ध विकास बोर्डलाई निर्देशन गरिएको।

३. बेमौसमी वर्षा प्रभावित कृषकहरुलाई राहत समन्वय

- असोज ३१ गतेदेखि विभिन्न भागमा भएको बेमौसमी वर्षाबाट प्रभावित कृषकहरुलाई राहत प्रदान गर्न मन्त्रालयले निम्नानुसारका कार्य गरेको
  - ✓ प्रदेशस्थित कृषि हेर्ने मन्त्रालय र मातहतका निकाय साथै स्थानीय तहसमेतको समन्वयमा क्षतिको प्रारम्भिक तथ्याङ्क सङ्कलन गरी सार्वजनिक गरेको ।
  - ✓ प्रदेश र स्थानीय तहसँगको समन्वयमा क्षतिको विवरण अद्यावधिक गरी राहतका विकल्पहरु प्रस्ताव गरेको ।
  - ✓ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत राहत उपलब्ध गराउने मापदण्ड बमोजिम गृह मन्त्रालयसँग आवश्यक समन्वय गरी राहत वितरण कार्यमा सहजीकरण गरेको।
  - ✓ विभिन्न जिल्लाहरुवाट प्राप्त प्रमाणीकरण भएका विवरणका आधारमा अर्थ मन्त्रालयवाट १ अर्व निकासा गराउने कार्यको समन्वय गरिएको ।

४. रासायनिक मल आयात र बिक्री वितरण

- अन्तराष्ट्रिय बजारमा रासायनिक मलको अस्वभाविक मूल्य बृद्धिले लक्षित परिमाणमा मल आयात हुन नसक्ने भएकोले मलको आयातलाई सहज व्यवस्थापन गर्न अर्थ मन्त्रालय मार्फत स्रोत सुनिश्चित गरिएको ।
- यस अवधिमा 2 लाख ६४ हजार मे.टन मल आयातको समझौता भए बमोजिममा १ लाख ६ हजार मे.टन रासायनिक मल आपुर्ति गरिएको र गत वर्षको मौज्दात समेत गरी २ लाख 4 हजार मे.टन रासायनिक मल अनुदानमा बिक्री वितरण भएको।
- सरकारदेखि सरकारसम्म (G to G) विधिवाट भारत सरकारसंग आगामी ५ वर्षका लागि वार्षिक करिब १ लाख 50 हजार मे.टनको दरले मल आपूर्तिका लागि (MoU) तयार गरी सम्झौताको क्रममा रहेको ।
- भारत सहित अन्य मल आपूर्ति गर्न सम्भावित मुलुकहरुसंग G to G विधिवाट मल खरिदको लागि सम्वाद अगाडि बढाइएको ।
- रासायनिक मलको समस्याको दीगो समाधानका लागि नेपालमा नै रासायनिक मल उत्पादन कारखाना स्थापनाका विभिन्न विकल्पहरुवारे मन्त्रालयले उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, राष्ट्रिय योजना आयोग सहित सम्वन्धित सरोकारवालाहरुसंग छलफल गरि लगानी वोर्डसंग समन्वय गरिएको ।
- रासायनिक मल नियन्त्रण आदेश, २०५५ अनुरुफ Nano urea Liquid fertilizer लाइ अनुसूचीमा समावेश गरी पैठारी अनुमती प्रदान गर्ने प्रक्रियामा रहेको ।

५. गुणस्तर नियमन

- खाद्य ऐन, २०२३ बमोजिम २,१२४ वटा खाद्य वस्तुका नमूना परीक्षण गरिएको।
- भन्सार विन्दुमा खाद्य आयात भएको र निर्यात गरिने खाद्य वस्तुको गुण प्रमाणीकरण ३१,९२७ पटक गरिएको।
- तरकारी तथा फलफुलमा हरन सक्ने विषादी अवशेषको ७ वटा नाकाहरुमा रहेका खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहतका निकायबाट नियमित परीक्षण हुने व्यवस्था मिलाइएको।
- तयारी दाना १४४८, दानाको कच्चा पदार्थ २९७, फिड सप्लिमेन्ट ११५, घाँसका ८५ नमूना सङ्कलन र परीक्षण गरिएको।
- पशु वस्तुको दाना र मानिसले उपभोग गर्ने दूधमा युरियाको अवशेषको परीक्षण गर्ने क्षमता विकास गरिएको।
- नेपालमा व्यवसायिक चल्ला उत्पादनका लागि बीउ पन्छी (प्यारेन्ट, ग्रायन्ड प्यारेन्ट) का ७,४६,६८५ वटा चल्ला आयातको सिफारिस दिइएको।

६. नयाँ जोन र पकेट स्थापना तथा सञ्चालन

- कृषि तथा पशुपन्छी क्षेत्रमा व्यवसायीकरण विस्तार गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत विभिन्न वाली र वस्तुका 71 वटा जोन र २४० वटा उत्पादन पकेटहरु निर्धारण गरिएको।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको मध्यावधी समीक्षा शुरु गरिएको ।

७. प्रबिधि सम्प्रेषण

- कृषक सेवा बुलेटिन NARC KRISHI मोबाइल एप्समा अपलोडगरिएको।
- कृषकलाई कृषि प्रविधि एवं जलवायु सम्बन्धी १० लाख भन्दा बढी SMS मार्फत सूचना प्रवाह गरिएको।

- मकैका वर्णसङ्कर जातहरु: रामपुर हाईब्रिड १२, रामपुर हाईब्रिड १४, रामपुर हाईब्रिड १६ उन्मोचनका लागि तयार भएको।
- स्याउका स्टार क्रिमसन डेलिसियस, ब्राईट एन अर्ली र स्टार्क स्पर गोल्ड जातहरु पञ्जीकरणका लागि तयार भएको ।
- काक्रोको २ वर्णसङ्कर जातहरु पञ्जीकरणका लागि तयार भएको ।
- भैंसीको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने राष्ट्रिय अभियानमा सहयोग पुर्याउन वि.सं. २०७८ कार्तिक ८ देखि १२ गतेसम्म "खाद्य सुरक्षा तथा जिविकोपार्जनका लागि भैंसी उत्पादन" भन्ने नाराका साथ एसियास्तरको दशौं एसियन बफेलो कन्ग्रेस सम्पन्न गरिएको।
- पोखरा महानगपालिकामा रहेको बङ्गुर औधोगिक पार्कको विगत दुई बर्षदेखि स्रोत अभावमा अधुरो रहेको निर्माण कार्य सम्पन्न गर्न पोखरा महानगरपालिका र सम्बन्धित सरोकारवालासँग समन्वय गरी पालिका मार्फत रु.२ करोड ९९ लाख ९४ हजार ससर्त अनुदान उपलब्ध गराइएको।

८. नस्ल सुधार

- २ लाख ९८ हजार गाई भैंसीमा कृत्रिम गर्भाधान गरिएको
- उन्नत नस्लका गाई, भैसीं, बाख्रा, र बंगुरबाट २ लाख ८९ हजार डोज जमेको वीर्य उत्पादन तथा वितरण भएको।
- 1 करोड २२ लाख माछामा भुरा उत्पादन तथा वितरण भएको।

९. खोप उत्पादन तथा व्यवस्थापन

- पशुपन्छीका विभिन्न संक्रामक रोगहरु विरुद्ध प्रयोगका लागि १३ प्रकारका १ करोड ८ लाख मात्रा खोप उत्पादन तथा वितरण भएको।

१०. पशुपन्छी, मत्स्य तथा वाली बिमा

- पशुपन्छी तथा मत्स्य बिमा प्रिमियमको अनुदान बापत् २४ करोड भुक्तानी गरी करिब ३९ अरब रकम बराबरको बाली तथा पशु वस्तुको सुरक्षण गरिएको।

११. पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीको निर्यात प्रवर्द्धन

- नेपालमा दुधबाट उत्पादित १ अरब २० करोड रुपैयाँ बराबरको छुर्पी जापान, अमेरिका र युरोपियन मुलुकहरुमा निर्यात भएको।
- नेपालमा व्यवसायिक रुपमा उत्पादन गरिएको हेलेजको (घाँसबाट तयार पारिएको) अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तर तथा निर्यात प्रवर्द्धन गर्न दुबै मुलुकको समन्वयमा तयार गरिएको प्रोटोकल सहमतिको लागि चीनिया पक्षलाई प्रस्ताव गरिएको।